चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

घरखेडा, कैलाली
सुदूरपश्चिम, प्रदेश, नेपाल

प.सः २०८३/०८४
सू.नं.- ९१

मितिः- २०८३।०५।११

## बाढी प्रभावित क्षेत्रमा रहेका नागरिकहरूको खोजी कार्यसम्बन्धी जरूरी सूचना !

मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण पुगेको ठूलो धनजनको क्षतिप्रति चुरे गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ। यस प्राकृतिक विपद्का कारण हालसम्म थुप्रै नागरिकहरू सम्पर्कविहीन भइरहनुभएको अवस्थाप्रति हामी संवेदनशील छौं। यस चुरे गाउँपालिकाका स्थानीय बासिन्दाहरू कोही उक्त बाढी प्रभावित क्षेत्रमा कामको सिलसिलामा वा अन्य कारणले रहनुभएको र हालसम्म पनि परिवार वा आफन्तको सम्पर्कमा नआउनुभएको भए, खोजी तथा उद्धार कार्यका लागि सम्बन्धित निकायमा तत्काल अनुरोध पठाउनुपर्ने भएकाले यो सूचना जारी गरिएको छ। तसर्थ, आफ्ना कोही आफन्तजन उक्त क्षेत्रमा रहेको र अहिलेसम्म सम्पर्क हुन नसकेको भए, उहाँहरूको विस्तृत विवरण (नाम, थर, ठेगाना, हुलिया र सम्पर्क नम्बर) सहित तत्काल चुरे गाउँपालिकाको कार्यालयमा सम्पर्क गरिदिनुहुन सम्पूर्ण आफन्तजन तथा गाउँबासीहरूमा हार्दिक अनुरोध गरिन्छ ।

चक्र बहादुर बोगटी रजवार

चक्र बहादुर बोगटी
अध्यक्ष

सम्पर्कका लागिः

- कार्यालयः चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
- फोन नम्बरः ९८५८४८८०१२, ९८५८४८८०१३, ९८५८४८८०१४, ९८५८४८५३०३
- इमेलः chure.gaupalika@gmail.com